सामाजिक न्यायमा
रोल्पा नगरपालिका

जातीय छुवाछुत एक दण्डनीय अपराध हो कसैले कसैलाई भेँदभाव नगरौं ।

जनहितमा जारी संदेश

स्वतः प्रकाशन

# रोल्पा नगरपालिका




बर्ष : १, अकं : ३ मिति : २०८१ साल साउन २३ बुधबार Wednesday 7 August. 2024 पृष्ठ : ६










## स्वत प्रकाशनको सन्दर्भमा

रोल्पा नगरपालिकाबाट चौमासिक अवधिमा विकास निर्माण, सेवा प्रवाहको जानकारी र सुशासन कायम गर्ने सन्दर्भमा आ.व. २०८०/०८१ मा भएका गतिविधिहरुको संक्षिप्त जानकारी स्वत: प्रकाशनको रुपमा प्रस्तुत गरेका छौ ।

रोल्पा नगरपालिकाको तर्फबाट चौमासिक अवधिमा प्रकाशित तेस्रो बुलेटिन भएकाले सुझाव सल्लाह मार्ग निर्देशनको अपेक्षा गर्दछौ ।

## संरक्षक



श्री सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख



श्री गीता आचार्य
नगर प्रमुख उप प्रमुख



श्री रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत


## सम्पादन मण्डल

श्री टंकबहादुर गिरी- सदस्य
श्री महेन्द्र पुन- सदस्य
श्री सुदिप डाँगी- सदस्य
श्री कर्णबहादुर पुन- सदस्य
श्री हरिबहादुर केसी- सदस्य
श्री रेशमकुमार आचार्य- सदस्य
श्री बसन्त गिरी- सदस्य
श्री प्रमिला घर्तीमगर- सदस्य
श्री पवित्रा बुढामगर- सदस्य
धर्मराज डाँगी- सदस्य

**संयोजक**
सुशिल कुमार थापा
योजना शाखा प्रमुख

**सह-सम्पादन/डिजाइन**
टेकबहादुर बिक
एमआईएस अपरेटर

## रोल्पा नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवन





## रोल्पा नगरपालिकाको वित्तीय प्रगति

# कुल बजेटको ९०.१६ प्रतिशत खर्च

| कुल खर्च | चालु | पुँजीगत |
|---|---|---|
| ७०४६५७७१६ | ५३६२९४६७७ | १६८३६३०३९ |

रोल्पा नगरपालिकाबाट आ.ब. २०८०/०८१ मा जम्मा रु. ७८ करोड १५ लाख ६० हजार ३ सय ७१ रुपैया बजेट विनियोजन भएकोमा आर्थिक बर्षको अन्त्यसम्ममा ७० करोड ४६ लाख ५७ हजार ७ सय १६ रुपैया खर्च भएको छ । कुल बजेटको ९०.१६ प्रतिशत खर्च भएको हो ।

चालु खर्च तर्फ ५३ करोड ६२ लाख ९४ हजार ६ सय ७७ रुपैया र पुँजीगत तर्फ १६ करोड ८३ लाख ६३ हजार ३९ रुपैया खर्च भएको छ । त्यसैगरी आर्थिक विकास तर्फ कुल बजेटको ७८. १४ प्रतिशत, सामाजिक विकास तर्फ ८९.७१ प्रतिशत, पूर्वाधार विकास तर्फ ८८.९५ प्रतिशत, सुशासन तर्फ ७४.२९ प्रतिशत, कार्यालय संचालन तर्फ ८५.३३ प्रतिशत र सामाजिक सुरक्षा तर्फ १०० प्रतिशत खर्च भएको छ ।

**सम्पर्क :**



रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिबाङ, रोल्पा




फोन : ०८६४४००७१
वेव-साईट : rolpamun.gov.np
ईमेल : rolpanagarpalika@gmail.com
सुचना अधिकारी : सुशिल कुमार थापा

# यूवालाई स्वरोजगार बनाउँदै नगर




● सुदिप डाँगी अधिकृत (प्रशासन शाखा)

सरकारी सेवा प्रवेशमा सहजता ल्याउन रोल्पा नगरपालिकाले आर्थिक बर्ष २०८०।०८१मा ९० दिने लोकसेवा र शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरेकोछ । १ सय २० जना भन्दा बढी युवाको सक्रिय सहभागिता रहेको उक्त तयारी कक्षा रोल्पा नगरपालिकाको सभाहलमा दैनिक २ घण्टा संचालन हुँदै भएको थियो ।

त्यसैगरी स्वरोजगार कार्यक्रम तर्फ १२ जनाले मिनिटिलिर, १६ जनाले हाउस वायरिङ र १४ जनाले पलम्बिङ तालिम दिएको थियो । त्यसैगरी रोल्पा नगरपालिकाका १० वटै वडामा टोल विकास संस्था गठन तथा प्रमाणपत्र प्रदान गरी टोलबासीलाई अझ उत्तरदायित्व बनाउने तर्फ नगरपालिका अग्रसर भएको देखिन्छ । गुणस्तरीय तालिमप्राप्त प्रशिक्षकबाट प्राविधिक तथा व्यावसायिक तालिम दिनुले आम जनतामा नगरपालिकाप्रतिको अभिभारा अझै थपिएको अनुभूति मान्दछन् ।

नगरपालिकाले मिनिटिलर मर्मत सम्बन्धि र सामग्री प्रदान गरेसँगै मिनिटिलर मर्मतकोलागि अन्यत्र जानुपर्ने बाध्यता हटेको छ ।




# पाँच सय पच्चिस दिन रोजगारी

● रोजगार सेवा केन्द्र

रोजगार सेवा केन्दले गत आर्थिक बर्षमा आफ्नो कार्यक्रमबाट बेरोजगारीलाई ७ हजार ५ सय २५ दिन रोजगारी दिन सफल भएको छ । रोजगार सेवा केन्द्रबाट ३० वटा योजना सम्पन्न गरेको छ । जसमा ८१ जनाले प्रत्यक्ष रूपमा रोजागारी पाएका छन् । विश्व बैंकको आर्थिक सहयोगमा १८ वटा योजना र नेपाल सरकारबाट १२ वटा योजना सम्पन्न भएका छन् । हाल श्रम स्वीकृत सेवा पनि यसै शाखाबाट सञ्चालन भएकाले जिम्मेवारी थपिएको छ । शाखामा १ जना रोजगार संयोजक १ जना प्राविधिक र एकजना रोजगार सहायक गरी ३ जना कर्मचारी रहेका छन् । प्रत्यक्ष रूपमा जनताकै घरदैलो कार्यक्रम भएकाले साना तथा मझौला खालका योजनाहरूको माग हुने गरेको देखिन्छ । भौतिक पूर्वाधार निर्माणसँगै १०० दिने प्रत्यक्ष रोजगारी प्राप्त हुने भएकाले यस कार्यक्रम प्रति नगरबासीको बढी चासो रहेको देखिन्छ ।




# अठार वटा गाई वितरण

● दिलमाया विष्ट (कृषि शाखा)



रोल्पा नगरपालिका पशु शाखा मार्फत गत आर्थिक बर्ष २०८०/०८१ मा १८ वटा उन्नत जर्सी क्रस जातका गाई वितरण गरिएको छ । गोरखा जिल्लाको पालुङटार नगरपालिका स्थित स्याङलि गाई फर्मबाट ५० प्रतिशत अनुदानमा कृषकहरुको प्रत्यक्ष सहभागितामा सहित हेरफेर, चेकजाँच गरी गाई गाई वितरण गरिएको हो ।

पशु शाखा अन्तर्गत गत आ.ब.मा वडा नं. ३, ५, ८, ९ र १० मा निशुल्क ६ वटा स्वास्थ्य शिविर संचालन गरिएकोछ । साथै पशुहरुको बाँझोपन निवारण शिविर रोल्पा नगरपालिका वडा नं. २, ६ र ७ मा सम्पन्न गरिएको छ ।

# दश उत्कृष्ट कर्मचारी पुरस्कृत



रोल्पा नगरपालिकाले १४औं नगरसभामा आर्थिक बर्ष २०८०/०८१ मा १० उत्कृष्ट कर्मचारीलाई नगद तथा प्रशंसा-पत्र सहित सम्मान गरेको छ । कार्यालयमा रही प्रत्यक्ष तथा अपत्यक्ष रुपमा जनताका कार्यहरु सहज ढंगले जिम्मेवारी पूर्वक निर्वाह गरी कार्य संचालन गरे वापत पुरस्कृत तथा सम्मान गरेको हो ।

पुरस्कृत हुनेहरुमा शिक्षा अधिकृत कर्णबहादुर पुनमगर, राजश्व शाखा प्रमुख धर्मराज डाँगी, महिला तथा बालबालिका शाखा प्रमुख पवित्रा बुढामगर सव ईन्जिनियर हरीबहादुर कवर, कम्प्युटर अपरेटर राजिब बुढामगर, ३ नं. वडा सचिव खिमराज कवर, एम आई एस अपरेटर टेकबहादुर बिक, नगर प्रहरी अस्मिता महरा, कार्यालय सहयोगी प्रेरणा महरा र बिष्णु बिष्टलाई सम्मान गरेको हो । नगरले विगत देखि नै उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्दै आएको छ ।



# स्वच्छ खानेपानी युक्त समुदाय घोषणा



पुर्ण बहादुर वली  वास टेक्निसियन

रोल्पा नगरपालिकाले ३ नं. वडाका २ समुदायलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा र राष्ट्रि मावि खुमेलमा जलवायू परिवर्तन अनुकुलको खानेपानी योजना निमार्ण गरेको छ । स्वच्छ खानेपानीको अभाव झेलिरहेको विद्यालयलाई यस प्रकारको कार्यक्रमले निकै टेवा पुऱ्याएको देखिन्छ । यसलाई ठूलो उपलब्धीको रुपमा लिन सकिन्छ ।

वडा नं. २, ३ र ६ नं. वडामा पानीको मुहान संरक्षणको लागि पूर्वाधार निमार्णको कार्य समेत खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) कार्यक्रमले गरेको छ ।

स्थानीय तहमा खानेपानी तथा सरसफाइ युक्त समुदाय निर्माणको लागि UNICEF लेआर्थिक तथा प्राविधिक सहयोग गर्दै आएको छ ।



# रैथाने बाली प्रवर्द्धन कार्यक्रम

● गौरव चौधरी (कृषि शाखा)




**रैथाने बाली प्रवर्द्धन कार्यक्रम र कृषी जैविक विविधता संरक्षण कार्यक्रम अन्तर्गत विभिन्न कृषक समूह र सहकारीलाई १२ थान मिनि टिलर र १ थान थ्रेसर वितरण गरिएको छ । त्यसैगरी विभिन्न बालीहरु मकै, धान, कागती, सुन्तला, बन्दा गहुँ, जौं, अडवा, लसुन, काउली, आलु मुला र तोरी लगायतका बालीको बाली कटानी मार्फत उत्पादकत्व मापन गरिएको छ ।**

**रोल्पा नगरपालिकाका प्रत्येक वडामा गएर कृषि, पशुपन्छी तथा मत्स्यको तथ्याङ्क संकलन गरी मन्त्रालयको प्रोट्रोलमा प्रविष्ट गराई पहिलो पटक तथ्याङ्क अध्यावधिक गरिएको छ ।**

# १ सय ८८ जना विद्यार्थीहरुलाई प्राविधिक पढाउँदै रोल्पा नगरपालिका

● **कर्णबहादुर पुन अधिकृत (शिक्षा शाखा)**



रोल्पा नगरपालिकाले विगत बर्षदेखि नै विभिन्न प्राविधिक तथा अप्राविधिक विधामा १८८ जना विद्यार्थीलाई अनुदान कोटामा प्राविधिक तथा अप्राविधिक विषय पढाईरहेको छ । विद्यार्थीहरुको चाहाना अनुसार सिभिल ईन्जिनियरिङ, पशु विज्ञान, बाली विज्ञान, सूचना प्रविधि, वन विज्ञान स्टाफ नर्स, गणित, विज्ञान र MBMS पढ्नेहरुलाई छात्रवृत्ती प्रदान गर्दै आएको छ । सिभिल ईन्जिनियरिङमा ८८, पशु विज्ञानमा ३७, बाली विज्ञानमा २२, सूचना प्रविधिमा २८, वन विज्ञानमा १ र स्टाफ नर्समा २ गरी १८८ जना विद्यार्थीहरुले रोल्पा पोलिटेक्निकल कलेज मेवाङ, बालकल्याण नमूना माध्यमिक विद्यालय लिबाङ र राप्ती लाइफ केयर हस्पिटल दाङमा अध्ययन गरिरहेका छन् ।

त्यसैगरी नगर शिक्षा शाखा रोल्पाले श्री दिपेन्द्र माध्यमिक विद्यालय सानो लिबाङमा ६५ हजार मुल्य बराबरको विज्ञान प्रयोगशाला र श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय जंकोटमा रु. ६५ हजारको पुस्तकालयको व्यवस्था समेत गरिदिएको छ । नगर शिक्षा शाखाले उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम अन्तर्गत श्री बालकल्याण माध्यमिक विद्यालय लिबाङ रोल्पालाई रु ३ लाख र श्री राष्ट्िय माध्यमिक विद्यालय खुमेल रोल्पालाई २ लाख नगद सहित सम्मान गरेको छ ।

त्यसैगरी रियल प्लान सम्बन्धि ६६ जना प्रधानाध्यापकहरु र ४६ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक हरुलाई तालिम प्रदान गरेको छ । त्रैमासिक रुपमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले नियमित प्र.अ. बैठक बस्दै आएको छ । नगर स्तरीय परीक्षा सञ्चालन र प्रमाणिकरण, प्रि SEE सञ्चालनमा नगर शिक्षा शाखाले निकै भुमिका खेल्दै आएको छ । अनुदानका कार्यक्रमहरुको लागि समयमा निकासा, शिक्षक तलब भत्ता समयमै निकासा हुनुले थप शिक्षकलाई हौसला प्रदान गर्दछ, नगर तथा वडा स्तरीय प्रारम्भिक बालविकास समिति गठन, र १० वटै वडामा अभिभावक शिक्षा सञ्चालन गरिएको छ। त्यसैगरी शैक्षिक बर्षकै शुरुवातमा ६६ सामुदायिक विद्यालयमा पाठ्य पुस्तक उपलब्ध गराएर बाल बालिकालाई पाठ्य पुस्तकको अभाव रहित बनाउँदै गुणस्तरीय शिक्षामा टेवा पुऱ्याई रहेको छ ।



रोल्पा नगरपालिकाले आयोजनागरेको दिक्षान्त समारोह
तस्विर : टेकबहादुर बिक

## उत्कृष्ट कार्य गर्दै वन वातावरण तथा विपद व्यवस्थापन र नाप नक्सा शाखा

रोल्पा नगरपालिका नाप नक्सा शाखाबाट गत आ.ब. २०८०//८१ मा ९० घरधुरीलाई जस्तापाता वितरण गरेको छ। भने ५ वटा घरको लागि नक्सा पास स्वीकृत गरेछ।



स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य गरिरहेको छ। सोही अनुरुप शाखाले विपदबाट प्रभावित ३३ घर परिवारलाई नगद तथा राहत वितरण गरेको छ। वडा नं. ४ मा ढल निर्माण र ल्याण्ड फिल्ड साइट व्यवस्थापनका कार्य गरेको छ भने आगामी दिनहरुमा पानीको मुहानलाई बचाई राख्न ३ वटा मुहान संरक्षण र १ वटा रिचार्ज पोखरी निमार्ण समेत गरेको छ। हावाहुरीबाट पिडित १६ घरधुरीलाई जस्तापाता वितरण पनि गरेको छ।

त्यसैगरी १० वटा परिवारलाई ग्याविन जाली वितरणसँगै रोल्पा नगरपालिकाले विपद व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजिकरण, समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने, फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रममा समन्वय र सहजिकरण सम्बन्धी कार्य, गर्दै आईरहेको छ।

जस्तापाता वितरण गर्दै नापनक्सा शाखा

## १ करोड ५९ लाख भन्दा बढि राजश्व संकलन

● धर्मराज डाँगी (राजश्व शाखा)

रोल्पा नगरपालिका अन्तर्गतका दशवटै वडाबाट सुत्र मोड्युल आंशिक तथा पुर्णरुपमा अनलाईन प्रणालीबाट रु. १ करोड ५९ लाख ७८ हजार ३ सय २८ रुपैयाँ राजश्व संकलन गरिएको छ। यस अघि कर संकलन अनलाईन माध्यमबाट भएपनि साङ्ग्रीला सफ्वयरबाट राजश्व संकलन गरिएको थियो। जसबाट वडाभरीको सर्भरलाईमात्र एकरुपता गरिएको थियो। नगरपालिकाले मुख्य प्रयोगकर्ताबाट वडाभरीको डाटा प्राप्त गर्न सक्दथियो भने हाल सुत्र मोड्युल केन्द्रीय सर्भर प्रणालीसँग जोडिएको छ। जसले गर्दा नगर तथा वडाबाट राजश्व संकलन हुने वित्तिकै केन्द्रीय डाटाबेसमा एकीकृत भई नेपालभरीको करको डाटाहरु क्षणभरमै प्राप्त गर्न सकिने गरी व्यवस्था मिलाएको छ। यसले गर्दा राजश्व संकलनमा सहजता, चुस्तदुरुष्ट हुनुका साथै बजेट निर्माण प्रक्रियामा संघ, प्रदेश र स्थानीयतहरुमाझ एकरुपता हुनेछ। त्यसैले आशा राख्दछौं अबका दिनमा राजश्व संकलनलाई रोल्पा नगरपालिकाले पनि नगरबासीको कर संकलनमा सहजता ल्याउने र जनगुनासोलाई ध्यानमा राखी राजश्व संकलन प्रक्रियालाई मर्यादित बनाउने तर्फ उतरदायित्व बन्ने छ।

**आफ्नो सम्पती र व्यवसायको कर समयमै तिर्ने गरौं। अनाबश्यक जरिवानाबाट बचौं।**

**रोल्पा नगरपालिका**
**राजश्व शाखा**

## प्रशासकीय भवन ७५ प्रतिशत प्रगती

योजना शाखा विशेष

रोल्पा नगरपालिकाको निमार्णाधिन प्रशासकीय भवन अब २५ प्रतिशतमात्र बाँकी रहेको योजना शाखाले जनाएको छ। ७५ प्रतिशत भवन निर्माण भएको प्राविधिक स्रोतले जनाएको छ।

त्यसैगरी योजना शाखा मार्फत १०५ वटा उपभोक्ता समितिबाट सञ्चालन भएका योजनाहरु सम्पन्न भएका छन्। ९ वटा योजना टेण्डर प्रक्रिया, १ वटा योजना अमानत र १३ योजनाहरु कोटेशन मार्फत सम्पन्न भएका छन्। त्यसैगरी वडा नं. ५ मा ६० लाख बजेटमा लिफ्टिङ खानेपानी योजना र ८ नं. वडामा ५६ लाखको योजना सम्पन्न भएको छ भने नगर भित्र ३ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन्। चुनारे भिरमा घुम्ने पर्यटकहरुको सुरक्षालाई ध्यानमा राख्दै चुनारेभीर घेर ाबार योजना पनि सम्पन्न भएको छ। म

## हर्लिक्स वितरण

५ नं. वडा कार्यालय




रोल्पा नगरपालिका अन्तर्गत ५ नम्बर वडा कार्यालय रोल्पाले गत आर्थिक बर्षमा ७५ बर्ष माथिका २७ जना जेष्ठ नागरिकहरुलाई सम्मान तथा हर्लिक्स वितरण गरेको छ। शारीरिक तथा मानसिक रुपमा जेष्ठ नागरिकको मनोबल उच्च राख्न वडा कार्यालयले यस्तो कार्यक्रम राखेको हो।

## आर्थिक बर्ष २०८०/८१ मा वडाबाट गरेका कार्यक्रमका रुपरेखा

वडा विशेष

रोल्पा नगरपालिका वडा नं. २ रेउघाले सहीद परिवारका बालबालिकाहरु तथा आमाबुवा विहिन बालबालिकाहरुलाई शैक्षिक सामग्री तथा पोषाक वितरण गरेको छ। त्यसैगरी असार १ गते भुमे पर्वको अवसरमा चुनारेभीरमा भुमे मेला तथा साँस्कृतिक महोत्सवको आयोजना गरेका छ। त्यसैगरी वडा भित्रका एकल महिलालाई आर्थिक उर्पाजनको लागि निशुल्क रुपमा बीउ बिजन वितरण कार्यक्रम सम्पन्न गरेको छ, भने दुई नम्बर वडालाई छुवाछुत मुक्त वडा निर्माणको लागि छुवाछुत सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ।

त्यसैगरी वडा नं. १० मा २७ जना शहिद परिवारहरुलाई सम्मान सम्पन्न गरेको छ। वडाभित्र रहेका विद्यालयहरुको सहभागीतामा विद्यालय स्तरीय प्रतिभा पहिचान र विविध खेलकुद कार्यक्रम आयोजना गरी सम्पन्न गरेको छ। वडाले बालविकास प्रा.वि. घुनबाङ र विश्व तेज आ.वि कार्पेट र पि फर्म वितरण गरेको छ।

वडा नं. ७ ले मदिरा सेवन नियन्त्रण व्यवस्थापन सम्बन्धि २ दिने सचेतना मुलक कार्यक्रम सम्पन्न गरेको छ। शहिद परिवार, जनयुद्ध र आन्दोलनमा घाइते, ३० जना अपाङ्गता भएकाहरुलाई सम्मान कार्यक्रम गरेको छ। ७ नं. वडामा बालविवाह रोकथामको लागि किशोर-किशोरीहरुलाई २ दिने अभिमूखिकरण कार्यक्रम र अभिभावक शिक्षा कक्षा समेत सञ्चालन गरेको छ।

वडा नं. ९ ह्वामाले २४ सहीद परिवारलाई कार्यक्रम गरी सम्मान गरेको छ। वडा नं.९ का विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको प्रतिभा प्रस्फुटनको लागि प्रतिभा पहिचान कार्यक्रम सम्पन्न गरेकोम छ। नेपाल राष्ट्रि आ.वि. ह्वामामा शैक्षिक मेलासँगै विविध खेलकुद कार्यक्रम सम्पन्न गरेको छ।

रोल्पा नगरपालिका वडा नं. ३ खुमेलले ५० प्रतिशत अनुदानमा ४६ कृषकहरुलाई उन्नत जातको बीउ वितरण, ७५ प्रतिशत अनुदानमा ७ किसानलाई टनेल वितरण र फोहोर व्यवस्थापनको लागि टोल विकास समितिहरुलाई २० वटा डस्टविन वितरण गरेको छ। त्यसैगरी वडा नं. ८ जंकोटले वडाभित्र रहेका सहीद परिवारलाई सम्मान तथा प्रतिभा पहिचान कार्यक्रम सम्पन्न गरेको छ।

# पहिचान हुन नसकेको बेवारिसे शव व्यवस्थापन

पवित्रा बुढामगर (महिला विकास निरीक्षक)

रोल्पा जिल्ला सुनछहरी गा.पा.-७ निसाना जंगलमा भेटिएको पहिचान हुन नसकेको मानव कंकाललाई पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम मिति २०८० साउन २० गते रोल्पा अस्पताल रेउघाको शव गृहमा जिल्ला प्रहरी कार्यालय रोल्पासँगको सहकार्यमा व्यवस्थापन गरिएको छ ।

त्यसैगरी महिला उद्यमीशीलता विकास सहजीकरण केन्द्र सञ्चालन सम्बन्धि कार्यक्रम सञ्चालन उपप्रमुखको संयोजकमा महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समिति गठन, नगर स्तरिय महिला उद्यमी सञ्जाल गठन र ३ दिने महिला उद्यमीशीलता विकास तालिम सञ्चालन भएको छ । शहिद परिवार, द्वन्दपीडित घाईते अपाङ्ग, ग र घ वर्गको अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित समूह स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत ३ सय ३८ परवारलाई कुल ११ लाख ८३ हजारको स्वास्थ्य बिमा गरिएको छ ।

जोखिम तथा आपतकालीन अवस्थाका बालबालिका र एकल महिलाहरूको राहत, उद्धार र संरक्षण कोषको लागि रू २ लाख र एकल महिला सुरक्षा कोषको लागि १ लाख रूँपैयाको कोष स्थापना गरिएको छ ।

त्यसैगरी महिला तथा बालबालिका शाखाबाट अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरूलाई १ सय ६४ वटा जेष्ठ नागरिक परिचय पत्र र अपाङ्गता सम्बन्धि परिचयपत्र वितरण र नविकरण गरिएको छ । त्यसैगरी क्षमता विकास कार्यक्रम अन्तर्गत २२ जना युवाहरूलाई २ लाख ११ हजार १ सय बजेटमा बाँसबाट मुडा र फोटो फ्रेम बनाउने तालिम सञ्चालन सम्पन्न गरिएको छ ।



बाँसबाट सामग्री बनाउने तालिममा सहभागीहरु (तस्विर पवित्रा बुढामगर)

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।

### जन्म



जन्म दर्ता गराउँदा चाहिने कागजातहरु :

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पछिल्लो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

# स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण भूमिका निभाउँदै स्वास्थ्य शाखा

प्रभात केसी (स्वास्थ्य शाखा)


रोल्पा नगरपालिका स्वास्थ्य शाखाले विगतदेखिनै नगरपालिका अन्तर्गतका मानव स्वास्थ्यसँग सम्बन्धि विभिन्न किसिमको भूमिका खेल्दै आईरहेको छ ।


गत आ.ब.मा ५१ जना क्यान्सर पिडितलाई सहयोग नगद सहयोग गरेको छ भने मुटु सम्बन्धि १६, मृगौला प्रत्यारोपन ४ डायलसिस महिला पुरूष गरी ११, जरी ८३ जनाको जटिल रोगका विरामीहरूलाई सहयोग गरेको छ । यि मध्ये क्यान्सर र मृगौलाका विरामीहरूलाई नेपाल सरकारको मृगौला, क्यान्सर, स्पाइनल इन्जुरी भई पारालाइसिस भएका विरामीलाई जिविकोपार्जन भत्ता उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७४ अनुसार नियमित भत्ता उपलब्ध गराउँदै आएको छ ।

त्यसैगरी प्रजनन स्वास्थ्य सम्बन्धि शिविर कार्यक्रममा ७७० महिला लाभान्वित भएका छन् । गर्भवती महिलाहरूका लागि ग्रामिण भिडियो एक्सरे कार्यक्रम ल्याएको छ । जसमा ११२ जना गर्भवती महिला लाभान्वित भएका छन् ।

रोल्पा नगरपालिकाले आ.ब. २०८०/०८१ मा क्षयरोग मुक्त अभियान अन्तर्गत वडा स्तरीय स्थानीय समिति गठन तथा अभिमूखिकरण कार्यक्रम सञ्चालन गरेको छ । हरेक वडामा क्षयरोग मुक्त अभियानका लागि शुक्ष्म योजना निर्माण प्रत्येक वडामा क्षयरोग मुक्त अभियान, स्वयंसेवक छनौट परिचालन गरी क्षयरोग स्किनिङ, कार्यक्रम सञ्चालन गरिएको छ । नगरपालिकामा हाल ५३ जना क्षयरोगका विरामी रहेको तथ्याङ्क रहेको छ ।

## ग्रामिण भिडियो एक्सरे



फोन : ०८६४४००७१
ईमेल : rolpanagarpalika@gmail.com

शाखा विशेष
रोल्पा नगरपालिका स्वतः प्रकाशन
विविध

# १४ करोडको बजेट सा.सु. भत्तामा

● टेकबहादुर बिक सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा)

आर्थिक बर्षको अन्त्यसम्म रोल्पा नगरपालिकामा कुल सामाजिक सुरक्षा लाभग्राही ६ हजार १ सय ७८ जनाले १४ करोड ३६ लाख ४३ हजार ७ सय ५० रुपैया भत्ता प्राप्त गरेका छन् । पहिलो त्रैमासिकमा ६ हजार १ सय १९ जना लाभग्राहीहरुले कुल बजेटबाट ३ करोड ५८ लाख ६१ हजार ७ सय २६ रुपैया, द्वितीय त्रैमासिकमा ६ हजार १ सय ६७ जना लाभग्राहीलाइ ३ करोड ५७ लाख ५७ हजार ७८ रुपैर्या भत्ता प्रदान गरिएको छ । त्यसैगरी तेस्रो त्रैमासिकमा ६ हजार १ सय ७७ जना लाभग्राहरुहरुलाई ३ करोड ५८ लाख ४० हजार ४ सय ३ रुपैया र अन्तिम चौथो त्रैमासिकमा ६ हजार १ सय ७८ लाभग्राहरुलाई ३ करोड ६१ लाख ८४ हजार ५ सय ४३ रुपैया भत्ता वितरण गरिएको छ ।

त्यसैगरी एक आर्थिक बर्षको अवधि सम्ममा रोल्पा नगरपालिकामा २ हजार ११ जनाको अनलाईन व्यक्तिगत घटना दर्ता भएको छ ।




# उज्यालो सदरमुकाम कार्यक्रम

● रोल्पा नगरपालिका



तस्विर : कासीराम डाँगी

रोल्पा नगरपालिकाले आ.ब. २०८०/८१ मा उज्यालो सदरमुकाम कार्यक्रम अन्तर्गत रोल्पा नगरपालिकाको वडा नं. ४ र २ बजारभित्रका सडकहरुमा १५० वटा, (Floot Light) सडक बत्ती ३२००w को २ वटा हाई मास्क र ४० वटा Street लाईट जडान गरेको छ । जसबाट आम नगरबासी, जिल्ला बासी र बाहिरबाट जिल्लामा आउने पर्यटकहरुलाई जिल्लाको पहिचान, उज्यालो सदरमुकाम बनाई रातको समयमा उज्यालो भई सुरक्षा व्यवस्थापनमा समेत सहजता ल्याउने छ।


त्यसैगरी बजारलाई थप व्यवस्थित राख्न CCTV (Closed-circuit television) मर्मत तथा केही स्थानमा थप गरिनेछ । साथै विद्युत, नेपाल दुरसञ्चार, र अन्य नेटवर्किङ व्यावसायीसँग समन्वय गरी पुराना तारलाई हटाई व्यवस्थित गर्ने योजना रहेको छ ।

# पर्यटकीय पदमार्ग नगरमा

● १ र ४ नं. वडा कार्यालय, रोल्पा

रोल्पा नगरपालिका वडा नं. १ बामरुकले खालगैरा-चनौलीधुरी हुँदै मसिनासम्म पर्यटकीय पदमार्ग निर्माण सम्पन्न गरेको छ। रोल्पा नगरपालिका वडा नं. १ को कार्यालयबाट सो पदमार्ग निर्माण गरिएको हो ।

त्यसैगरी परम्परागत प्रविधि संरक्षण अन्तर्गत काठे कोहल र घुम्ती आरन व्यवस्थापन कार्य सम्पन्न गरेकोछ। नगर भित्रका किसानहरुका लागि रोल्पा नगरपालिका वडा नं. ४ ले आरन तालिम संचालन गरेको छ। बजारभित्र एक घर एक धारा निर्माण गरिएको छ, विवादित रहेको बजार भित्रको ढल निकासको समस्यालाई समाधान गरिएको छ । विपन्न आर्थिक कमजोर भएका विद्यार्थीहरुलाई वडाले ट्र्याक सुट वितरण गरिएको छ।




# बालबालिकालाई वडा कार्यालयको संरक्षण

● ६ नं. वडा कार्यालय, रोल्पा

रोल्पा नगरपालिका अन्तर्गत वडा नं. ६ कोटगाउँले अभिभावक विहिन १० जना बालबालिकालाई वडा मार्फत संरक्षणसँगै शिक्षा प्रदान गरिरहेको छ। बालबालिकाको नैसर्गिक अधिकारमा शिक्षा र स्वास्थ्य लगायतका अधिकार भएपनि अभिभावक विहिन बालबालिकाहरु बञ्चितिकरणमा परिरहेको अवस्थामा नेपाल माध्यमिक विद्यालय कोटगाउँमा लिएर आवास सहित पठन पाठनको व्यवस्था मिलाएको छ। वडा अध्यक्ष तुलबहादुर घर्ती, र विद्यालयका प्र.अ. कृष्णबहादुर पुनको रोहवरमा बालबालिकालाई संरक्षण गरी पठन पाठनको समेत व्यवस्था गरिएको छ। स्मरण रहोस आजका बालबालिका भोलीका कर्णधार हुन्।

त्यसैगरी वडा मार्फत वडा स्तरमा कक्षा ८, SEE र १२ मा उत्कृष्ट विद्यार्थीहरुलाई नगद पुरस्कार सहित सम्मान गरेको छ। भने बालबालिकाको लागि बाल विकास सामग्री समेत प्रदान गरिएको छ।

